# रूपान्तरण

बर्ष ६ (आश्विन) अंक १



**सल्लाहकार**

रामकृष्ण निराला

डा.तुलसी प्रसाद भट्टराई

लोकेश राज दली

विपिन आचार्य

**सम्पादक**

चन्द्र कुमार ढुंगाना

**विशेष सहयोगी**

केशव सुवाल

सोनी तण्डुकार

सरोज न्यौपाने

संगम चालिसे

**कार्य मण्डल**

सन्जु बज्राचार्य

दिपेन्द्र न्यौपाने

राम सुन्दर सुवाल

हिरामणी हुमागाई

सन्तुलन देशेमरु



**प्रकाशक**

**सानो ठिमी प्राविधिक शिक्षालय**

सानोठिमी, भक्तपुर

फोन नं. ६६३१२७९, ६६३०३८८


## शुभकामना



प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको क्षेत्रमा युसेपले सुरु गरेको अनन्त यात्राको सफलतम् साढे तीन दशक पार गरेकोमा गर्वको अनुभव भएको छ। व्यावसायिक तालीमका क्षेत्रमा सशक्त रुपमा उभिएको यस संस्थाका भावी दिनहरु अत्यन्तै चुनौतीपूर्ण छन्। यसो भएता पनि चुप लागेर बस्नु हुँदैन, चुनौती स्वीकारेर प्रयास गर्ने हो भने हामीले यस क्षेत्रबाट आफ्नो अस्तित्व माथि उठाउन सक्नेछौं। यसका लागि धेरै नयाँ नयाँ प्रयोग एवं रचनात्मक कदमहरु उठाउन जरुरी भएको छ। यस सन्दर्भमा रणनीतिक योजनाले निर्धारण गरेको क्षेत्रहरुमध्ये, महिलाहरुका लागि समय सुहाउँदो सीपमा महिला सहभागितालाई प्राथमिकता दिई सीपमूलक तालीम कार्यक्रमहरुलाई प्राथमिकता दिने लक्ष्य मुख्य हो। तदनुसार महिलाका निम्ति सशक्त रुपमा कार्यक्रम संचालन पनि भइरहेका छन्।

रुपान्तरणले प्रविधिसंग सम्बद्ध विविध प्रकारका सीपमूलक सामग्री प्रकासन गर्दैछ।। त्यस्तै विशेष सामाग्रीका साथ विविध विषयमा केन्द्रित प्रत्येक अंक फरक फरक ढंगबाट प्रस्तुत भै रहेको छ। यसका लागि सबैलाई धन्यवादज्ञापन गर्दछु। भविष्यमा पनि संस्थाको नाम उँचो राख्न सबैले आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउने कुरामा विश्वस्त छु।

अन्त्यमा, विजया दशमी तथा शुभ दीपावाली एवं छठ २०७३ सालको उपलक्ष्यमा सम्पूर्ण नेपाली एवं शिक्षालयमा सीपमूलक तालीम प्रदान गर्ने र ग्रहण गर्ने सबैको जीवन उल्लासपूर्ण एवं सफल बनोस् भन्दै हार्दिक शुभकामना प्रकट गर्दछु।

**– राम कृष्ण निराला**

**अध्यक्ष, युसेप नेपाल**

## सम्पादकीय

विजयादशमीको अवसरमा प्रकाशित यस रुपान्तरण टिम सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ।

सीप सिकेर काम गर्ने क्रममा आवश्यक अन्य ज्ञानलाई जीवनोपयोगी शिक्षाको रुपमा लिन्छौं। यस जीवनोपयोगी शिक्षालाई सानोठिमी प्राविधिक शिक्षालयले तालीमको एक अभिन्न अंगको रुपमा लिई यस सम्बन्धी अनुसन्धान, छलफल आदिको माध्यम र सो बाट प्राप्त सुझावको आधारमा विभिन्न जीवनोपयोगी कक्षाको निमित्त विषय छनोट र सोको पाठ्यक्रम तयार गरी प्रभावकारी ढंगले लागु गर्दै आएको छ।

शिक्षालय आफ्ना प्रशिक्षार्थीहरुको भविष्य सम्मानपूर्ण हुनु पर्दछ भन्ने कुरामा विश्वास राख्ने संस्था हो। त्यसैले शिक्षालयले सीपमूलक तालीम र जीवनोपयोगी शिक्षा लाई उत्तिकै महत्व दिई समान रुपमा लागु गर्दै आइरहेको छ। काम गर्न जानेर मात्र हुदैन, ग्राहकसंगको संचार, व्यवहार कामको बिल बिजक राख्ने कुराले पनि व्यवसायमा ठूलो महत्व राख्दछ। कामको लेखा, हिसाब राख्नु, आर्थिक मद्धत प्राप्त हुने संस्थाको बारे जानकारीले पनि स्वरोजगारी एवं व्यवसाय संचालन गर्न ठूलो मद्दत पुऱ्याउछ। यस्ता अत्यन्त आवश्यक शिक्षाहरु जीवनोपयोगी कक्षाको माध्यमबाट प्रदान गरी एउटा आत्म निर्भर सीपयुक्त जनशक्ति प्रदान गरी एउटा आत्मनिर्भर सीपयुक्त जनशक्ति उत्पादन गर्नु शिक्षालयको मुख्य उद्देश्य हो र यही उद्देश्य अनुरुप कार्य गर्दै आइरहेको छ।

युसेप नेपाल सर्वथा नेपालको जेठो व्यावसायिक तालीम संचालन गर्ने संस्था भएकोले सधै केही नवीन गरौं भन्ने भावना राख्दछ। व्यावसायिक तालीममा संलग्न सबैलाई थाहा भएको तर महत्व नदिइएको पक्ष जीवनोपयोगी शिक्षा हो भन्ने हाम्रो ठम्याई भएको हुनाले सानोठिमी प्राविधिक शिक्षालय यस क्षेत्रमा लागि परेको छ र भविष्यमा सबै व्यावसायिक तालीम प्रदान गने संस्थाले यस विषयलाई अंगीकार गर्ने कुरामा समेत विश्वस्त भएको हुनाले यस उर्वर क्षेत्रमा लागि परेका छौं। अस्तु :

# जीवनको सार्थकता

हाम्रो सनातन परम्परा अनुसार, मान्यता र विश्वास अनुसार मनुष्य जीवन सबैभन्दा उत्तम जीवन हो। हाम्रा प्राचीन ग्रन्थ, धर्मशास्त्रका अनुसार यस विश्वमा चौरासी लाख जीव जन्तु-पशुपन्छीहरु छन्। ती मध्ये मानिस-मानव जाति पनि एउटा प्राणी हो। तर यी अरु प्राणी मध्ये चेतनशील र बुद्धिमान् भएकाले मनुष्य सर्वश्रेष्ठ प्राणीका रुपमा विकसित हुँदै आएको हो।

मनुष्य जातिले आजको अवस्थासम्म आइपुग्न धेरै काम गर्नुपऱ्यो। जीवनलाई सार्थक पार्ने, सुखी, समृद्ध बनाउने, परस्पर सद्भाव र एकता बढाउने विभिन्न उपायहरुको खोजी गर्ने क्रममा प्राचीन समयका सचेत र ज्ञानी व्यक्तिहरुले धेरै कुरा पत्ता लगाए। त्यस खोजीमा सबभन्दा महत्वपूर्ण कुरा शिक्षा हो, ज्ञान विज्ञान हो भन्ने थाहा पाए।

अनि अरु प्राणीबाट श्रेष्ठ उत्तम बन्ने क्रममा शिक्षा-ज्ञानलाई माध्यम बनाए। अनि परिवार, समूह, समुदाय बनाउँदै समाज राज्य राष्ट्र हुँदै अन्तरराष्ट्रिय रुपमा संगठन विस्तार गर्न सफल भए।

शिक्षा भनेको सामर्थ्य शक्ति हो। शिक्षित हुनुको अर्थ विद्या-ज्ञान प्राप्त गरेर समाजमा समर्थ भएर उभिन सक्नु हो। शिक्षा प्राप्त गर्नु ज्ञानी, बुद्धिमानी बन्नु, शिक्षा प्राप्त गर्नु भनेको जीवन सर्घषबाट पार हुनु। जीवनमा आइ पर्ने विघ्न बाधा र संकटहरु समाधान गर्न सक्नु हो।

शिक्षा प्राप्त गर्नु भनेको जीवनलाई सचेत सार्थक र उपयोगी बनाउनु हो। अज्ञान समाप्त पारेर बुद्धिमान र विवेकशील हुनु हो। शिक्षाका कारण विभिन्न खोज अनुसन्धान गर्दै मानिसले चन्द्रलोक र मंगलग्रहसम्म पुग्न सक्ने शक्ति सामर्थ्य प्रँप्त गरेको हो।

शिक्षाका माध्यमबाट सामर्थ्य प्राप्त गरेर श्रम सिप र ज्ञानद्वारा सम्पत्ति-धन कमाउन सकिन्छ। विश्वमा कहाँ कसरी प्रगति उन्नति भएको छ त्यो बुझेर नयाँ नयाँ प्रविधि सिक्न र प्रयोग गर्न सकिन्छ। यस अशान्त र कष्ट दुखले भरिएको देश र समाजमा शिक्षाबाटै शान्त, सुखी हुँदै दुखीहरुको दुखमा सहयोग गर्न समर्थ भईन्छ। हाम्रा सनातन वैदिक-पौराणिक शास्त्र एवं बौद्धधर्मका ग्रन्थ, मुन्धुम एवं अन्य धर्म परम्पराका कुरान, बाइवल आदिको उद्देश्य पनि प्राय उस्तै एउटै प्रकारको हुन्छ। अर्थात् मानिसको जीवनलाई कसरी सुख, शान्ति, सद्भाव, पारस्परिक सद्भाव, मित्रता, एकताका साथ समान चिन्तन भाव दिन सकिन्छ, जसबाट मानिसको जीवन सार्थक होस् भन्ने बारे यी सबैमा नीति उपदेश दिइएको छ।

प्रत्येक व्यक्तिको जीवन जन्मदेखि मृत्युसम्म नै शिक्षा र ज्ञान प्राप्तिमा लागेको हुन्छ। जन्मिने वित्तिकै बालकले आमाको दुध संगै जीवन बाँच्ने कला, बोल्ने, प्रशिक्षण लिने र ज्ञान चेतना समेत बुझ्न थाल्छ। क्रमशः ठूलो हुँदै बढ्दै जाँदा स्कुल, कलेज, विश्वविद्यालय आदिको औपचारिक शिक्षा पाउँछ। त्यतिले पनि नपुगेर अझ उच्च शिक्षा लिन्छ। मानिसले आफ्नो जीवनको उद्देश्य कसरी सुखी, समृद्ध र शान्त जीवन विताउने भन्ने राखेको हुन्छ। तर परिस्थिति र नियतिले सोचे जस्तो पुरा हुन सक्तैन। तर पनि सकारात्मक सोचाई राखेर आफ्नो कर्म गरिराख्दा सफल बनिन्छ।



जन्मको आधारमा सबै समान भए पनि परिस्थिति र नियतिका कारण प्रत्येक व्यक्ति केही फरक देखिन्छ। तर सबैको उत्तिकै महत्व हुन्छ। कोही पनि ठूलो सानो हुँदैन। सबै बरावर। त्यसै गरी शिक्षा पनि ठूलो सानो हुँदैन कुनै पनि व्यक्तिले सबै प्रकारका शिक्षा ज्ञान प्राप्त गर्न, जान्न वा बुझ्न सक्दैन। एउटा वा दुई तीनवटा सम्मका विषय सीपहरु सिक्न सक्छ। संसारमा के भन्ने यही नेपाल भित्र पनि सयौं प्रकारका प्रविधि, ज्ञान शिक्षाहरु छन्। ती सबैमा एउटै व्यक्तिले प्रवेश गर्न सक्तैन।

यही युसेप नेपालकै कुरा गर्दा - यहाँ पढाइने प्रशिक्षण दिइने विषयहरु दुई दर्जन भन्दा बढी छन्। यी सबै एउटैले जान्न बुझ्न सक्तैन। यी मध्ये एउटा दुईवटा रोजेर आफ्नो रुचि आवश्यकता र काम गर्न सक्ने क्षमताका आधारमा पढ्नु सिक्नु पर्दछ। तर जुन विषय आफुले रोजिन्छ, पढिन्छ, सिकिन्छ। त्यसमा परिश्रम गरेर राम्रो ज्ञान आर्जन गर्न सकियो भने जीवनमा प्रगति गर्न सकिन्छ।

तसर्थ हामी प्रत्येकले आफ्नो घर परिवार, समाज एवं राष्ट्रलाई राम्ररी बुझेर आफ्नो जीवनको उद्देश्य पुरा गर्न अग्रसर भइरहनु पर्छ। निष्क्रिय जीवन, कर्म नगरी अल्छी भएर दिन बिताउनु अथवा श्रम नगर्नु, नपढ्नु, शिक्षाको खोजी नगर्नु भनेको व्यर्थको पशुको जस्तो जीवन हो।

मानव जीवनको सार्थकता भनेको सधै सकारात्मक सोचका साथ शिक्षा लिनु अनि राम्रो श्रम गरेर कर्म गरिरहनु हो। हामी सबै आफ्नो जीवनलाई सार्थक र उद्देश्य प्राप्तिमा समर्थ बनाउन आवश्यक शिक्षा, प्रविधि ज्ञान प्राप्त गरेर कर्म पथमा वा उन्नतिमा लागि रहौं। कर्म गरि रहौं। सकारात्मक भाव विकास गरेर व्यवहारमा लागिरहौं। यही नै जीवनको सार्थकता हो।

**– डा. तुलसी भट्टराई**
**उपाध्यक्ष, युसेप नेपाल**

## बेरोजगारी समस्याको हल गर्ने संस्था हो युसेप



प्लस टु अध्ययन गरेकी गुल्मी खड्गकोट गा.वि.स. २, गुल्मी निवासी डिलादेवी शर्मा काठमाडौ आउनुभन्दा अघि गाउँको स्कुलमा शिक्षिका थिइन् ।

श्रीमान्, दुई छोरा र सासु सहितको सानो परिवारमा सुखमय थियो । गाउँमा ईज्जत, सुखी परिवारका साथ स्कूलको कमाईले सामान्य गुजारा भै नै रहेको थियो । छोराहरुको उज्ज्वल भविश्यको लागि भनेर श्रीमान् कामको शिलशिलामा विदेश गए । श्रीमान विदेशिए पछि उनलाई पनि आफ्ना सन्तानका लागि केही गर्नुपर्छ भन्ने आकांक्षा पलायो । यही सोचले सासु सहित दुई छोराहरुलाई लिएर जागिरै छाडेर काठमाडौ आईन् । सबै भन्दा पहिले त काठमाण्डौमा कोठा पाउन नै ठूलो सर्घष गर्नु पऱ्यो उनलाई । काठमाण्डौको बसाईमा सहरको रहनसहन, वातावरण र खर्च विदेशमा बस्ने श्रीमान एक्लैको कमाईले धान्न नसक्ने रहेको बल्ल महसुस गरायो । त्यसपछि उनले आफुले पनि कमाउनु पर्ने सोचले काठमाण्डौका धेरै स्कुलहरुमा जागिरको लागि कोसिस गरिन् । तर काम पाउन सजिलो भने उनलाई लागेन छ । त्यसपछि उनी गाउँ नै फर्किने सोचमा उनी पुगिन् ।

त्यतिबेला विभिन्न विषयको तालीमहरुको अवसर विभिन्न संस्थाले संचालन गर्ने बारेमा थाहा पाएर साथीहरु संग मिलेर विभिन्न विषयको तालीमहरुको लागि फर्म भर्ने सोच बनाए । त्यतिबेला नै उनले युसेप नेपालको तालीमको बारेमा पनि साथीहरुबाट जानकारी पाए । नआउनु पर्ने आई हाल्यो अब काठमाण्डौमा दुःख गर्नुपर्छ भन्ने सोचले तालीम पछि केही होला भन्ने आशाले फर्म भरे । आफ्नो स्पष्ट कुरा अन्तरवार्तामा राखे र विभिन्न तालीम मध्ये EVENT ले आयोजना गरेको मन्टेश्वरी तालीममा नाम निकाल्न पनि सफल भएँ । त्यसैको केही दिन पछि अर्को तालीम *i*LEAD अन्तर्गतको १६ औ व्याचमा सिलाई तालीमको लागि उनको नाम निकाल्न सफल भयो ।

उनले युसेपका पूर्व प्रशिक्षार्थीहरु काम गरिरहेको र उनको अवस्था सन्तोषजनक देखेकाले युसेप मै तालीम लिने निर्णय गरिन् । तालीमको शुरुवात मै तालीम प्रति उनलाई रमाईलो लाग्न थाल्यो । सैद्धान्तिक र प्रयोगात्मक तालीमहरु संग संगै विभिन्न विषयको जीवनोपयोगी सीप, अतिरिक्त क्रियाकलापहरु, कहिले सास्कृतिक कार्यक्रमहरु, अनि सबै भन्दा बेग्लै लागेको चाहि यहाँ आउने साथीभाई विच रोजगारको विषयमा कसरी रोजगार खोज्ने भन्ने प्रक्रिया समेतको कक्षाहरु हुँदा रहेछन् । जुन कुरा उनका लागि नौलो र अत्यन्तै महत्वपूर्ण लाग्यो । अब भने केही हुने हो कि भन्ने मनमा लाग्यो । तालीम सकिने दिन नजिकिदै थियो । तालीम पश्चात जब पाउने कुरामा निश्चत नै थियो उसलाई । सबै भन्दा खल्लो लागेको चाहि स्कुल छोड्ने पर्ने र साथी भाई संग नियमित भेटघाट नहुने चिन्ता थियो । तर साथीहरु संग सल्लाहले एकै ठाउमा काम गर्ने सल्लाह गरेर केही साथीहरु सहित ठिमी स्थित सुर्योदय फेसन प्रा.लि.मा काम गर्न थालिन् । यतिबेला महिनामा झण्डै १५ हजार सम्म कमाई हुने भएकोले उनी खुसी छिन् । उनको व्याचमा धेरैले काम गरेको देख्दा युसेप नेपाल एउटा बेरोजगारी समस्या हल गर्ने संस्था हो भन्ने महसुश हुन्छ उनलाई ।

अन्तमा उनी भन्छिन् - यहाँको तालीम त राम्रो छदैंछ, युसेपको राम्रो पक्ष चाहि यहाँको जीवनोपयोगी कक्षा बढी प्रभावकारी र महत्वपूर्ण हुने रहेछ ।

**– डिला देवी शर्मा**

**पूर्व प्रशिक्षार्थी, टेलरिङ्ग, *i*LEAD १६ औं ब्याच**

## जाग नेपाली

सिकेर सिप अब अगाडी बढौ नेपाली
नपाए सिप युसेपसँग माग माग नेपाली
अन्धकार यो उज्यालो दियो बाली जाग जाग नेपाली
नपाए सिप युसेपसँग माग माग नेपाली ॥
जिवन अधुरो थियो नसिके सम्म सिप
जिवन अधुरो थियो नसिके पछि सिप
आज त फेरी छरलङ्ग भयो बालेर चमत्कारको दिप
नपाए सिप युसेपसँगु माग माग नेपाली
अन्धकार यो उज्यालो दियो बाली जाग जाग नेपाली
सिक्छौ सिप जानी नजानी
सिक्छौ सिप जानी नजानी
युसेप हाम्रो आखाँको नानी सिपको ज्योति छराई दिने
युसेप हाम्रो खुशीको पल बिरहका दिनहरु हराई दिने
सफलताको शिखर चुम्न सिप लिई राग राग नेपाली
नपाए सिप युसेपसँग माग माग नेपाली
अन्धकार यो उज्यालो दियो बाली जाग जाग नेपाली
नपाए सिप युसेपसँग माग माग नेपाली

**– रबिन्द्र बिरही चेपाङ्ग**

**पूर्व प्रशिक्षार्थी, प्लम्बिङ्ग ट्रेड, FLC**

# व्यावसायिक तालीमको महत्व

व्यावसायिक तालीम भनेको विज्ञान र प्रविधि सम्बन्धी आवश्यक ज्ञान, सीप र तालिम प्रदान गरी कुनै पनि क्षेत्र सम्बन्धी सो व्यक्तिलाई रोजगारका लागि तयार पार्नु हो। अर्को शब्दमा भन्नुपर्दा आफुले रोजेको कुनै पेशा सम्बन्धी सीप, ज्ञान र क्षमता विकास गर्न त्यस क्षेत्र सम्बन्धी अभ्यासात्मक शिक्षा लिनु हो।

व्यावसायिक तालिम नेपालको अपरिहार्य आवश्यकता हो। विज्ञान र प्राविधिक क्षेत्रमा मात्र नभई शिक्षा, उद्योग र कृषिमा पनि व्यावसायिक तालीमको महत्व रहेको छ। व्यावसायिक तालीम नलिएका मानिस समाजमा लठ्ठी विनाको अन्धो मानिस सरह हुन्छ। जसरी लठ्ठी विनाको अन्धो मानिसलाई दैनिक कार्य गर्न कठिन र असहज हुन्छ त्यसरी नै सीप विनाको मानिसलाई आफ्नो जीवनयापन निवार्ह गर्न कठिन हुन्छ। व्यावसायिक तालीमले सरल जीवनयापन निवार्ह गर्न सहज वातावरण मिलाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

हाम्रो समाज निकै परिवर्तनशील छ। विज्ञान र प्रविधिले अहिले हाम्रो समाज प्रगति र परिर्वतन भइरहेको हामी पाउन सक्छौ। विज्ञान र प्राविधिक क्षेत्रमा फड्को मारिसकेका राष्ट्रहरु जस्तै अमेरीका, जापान आदि कति समृद्व, विकसित र शक्तिशाली छन्। यसको एउटा मुख्य कारण भनेको व्यावसायिक तालीम नै हो। विकसित राष्ट्रहरुले विज्ञान र प्रविधि लगायत अन्य क्षेत्रमा पनि व्यावसायिक तालीम प्रदान गर्दै आइरहेको पाइन्छ।

विकसित राष्ट्रहरुले आफ्नो जीवनशैली मात्र उकासेका छैनन्, उनीहरु हरेक क्षेत्रमा अगाडि छन् र कुनै न कुनै रोजगारीमा लागेका छन्। यस्ता उदाहरण थुप्रै छन्, उदाहरणका लागि हाम्रो छिमेकी राष्ट्र चीन हो, त्यँहाको शिक्षा प्रणाली र तालीम व्यावहारिक र व्यावसायिक छ र उनीहरु सबै रोजगारमूलक सीप सिक्छन्। हाम्रो शिक्षा भनेको व्यावहारिक र व्यावसायिक नभई सैद्वान्तिक भएको हामी पाउँछौ। हाम्रो देशमा व्यावसायिक तालीमको अभाव र कमजोर शिक्षा प्रणालीका कारण राष्ट्र अविकसित र कमजोर मात्र नभई बर्षेनी युवाहरु वेरोजगार भएर विदेशिएको छन्। हाम्रो परिवर्तनशील समाज, आधुनिक युग र जनसङख्याको उच्च चापले बेरोजगारी बढ्को हो। यसले समाजलाई मात्र नभई मानव जीवनलाई पनि खतराको सङ्केत दिई रहेको छ। हाम्रो गरिब राष्ट्रमा लाखौं युवाहरु वेरोजगार छन्, यसलाई न्यूनीकरण गर्न र राष्ट्रलाई सम्बृद्व, सम्पन्न र विकसित राष्ट्र रुपमा स्थापित गर्न व्यावसायिक तालीमले अहम भूमिका खेलेको हुन्छ।

अहिले बर्तमान परिस्थितिलाई मध्यनजर गरी हाम्रो देशको ठाउँठाउँमा व्यावसायिक तालीम गर्न विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु खोलिएका छन्। उदाहरणका लागि **युसेप, नेपाल** नै लिउँ। विगतको तीन दशक देखि यूसेप नेपालले गरिब, बेरोजगार र सुविधाविहिन बालवालिका, युवा दलित र महिलाहरुलाई विशेष प्राथामिकतामा राखी व्यावसायिक तालीम प्रदान गर्दै आइरहेको छ। सीप र तालीम विना अहिले को प्रतिस्पर्धात्मक समाजमा जीवन निर्वाह गर्न कठिन छ। युसेप नेपालबाट तालीम लिएर गएका कतिपय विद्यार्थीहरुले नाम, दाम र कामसँगै हरेक क्षेत्रमा सफलता हासिल गरेको समाचारहरु हामी पत्रपत्रिका र यूसेपको वार्षिक र मासिक म्यागजिनहरुमा पढ्दै आएको छौ। यहीँ तालीम सिकेर गएका कति विद्यार्थीहरु त यहीँ नै शिक्षकको रुपमा कार्यरत छन्। यस कुराबाट पनि व्यावसायिक तालीमको महत्वबारे हामी बुझ्न सक्छौ। हाम्रो जस्तो देशमा यस्ता गैर नाफामुखी सामाजिक संस्थाहरु अझै स्थापना गर्न महशुस भएको छ।

व्यावसायिक तालीम हाम्रा आधारभुत आवश्यकताहरु जस्तै गाँस, बाँस, कपास जुटाउने प्रमुख माध्यम पनि हो। प्राकृतिक स्रोतमा हाम्रो जस्तो धनी राष्ट्रले व्यावसायिक तालीमको महत्व बुझी प्राविधिक र दक्ष जनशक्ति निर्माण गर्न सके हामी पनि समृद्व हुन सक्छौ। व्यावसायिक तालीम अहिलेको आवश्यकता हो। तालिम र सीप विनाको मानिस पाङ्ग्रा विनाको गाडी सरह अर्थहीन हुन्छ। अतः व्यावसायिक तालीम विकासको पूर्वाधार र पूरक हो। व्यावसायिक तालीमले सम्बन्धित क्षेत्र सम्बन्धी सो व्यक्तिलाई दक्ष बनाउँछ, भोलि देशको कर्णाधार हुनेछ र उक्त क्षेत्रको विशेषज्ञ पनि। त्यसैले देश विकासको लागि व्यावसायिक तालीमको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

**– छिरिङ्ग दोर्जे लामा**
**बाल सुधार गृह**

## के गर्छ युसेपल

अनाथलाई शिक्षा दिक्षा, इच्छुकलाई प्राविधिक शिक्षा।
आफ्नै इच्छा अनुसारको सीप सिक्न पाइने सीपको बगैचा॥
गरिब र अभावमा रहेकालाई दिने पहिलो प्राथमिकता।
प्राविधिक शिक्षा दिएर बनाउछ यस्ले आत्मनिर्भरता॥
पारिवारीक वातावरणमा सबैलाई दिने सीप अनि शिक्षा।
छैन कसैलाई भेदभाव यहि हो युसेप नेपालको समिक्षा॥
मिहेनतीको फल मिठो अनि प्राविधिकको सीप मिठो।
सीप सिकेपछि भईनैरैछ आत्मनिर्भता पनि छिटो॥
प्राविधिकको काम राम्रो सुरक्षा अपनाउनु धर्म हो हाम्रो।
जीवन परिवर्तन गर्नको लागि भाग्य चाहि कर्म हो हाम्रो॥
आत्मविश्वास बढाउनलाई दिईने यहाँ जीवन उपयोगी शिक्षा।
सीप सिके पछि तयार छ
युसेप परिश्रमीलाई रोजगार मिलाईदिन॥
यहाँ सीप सिकेर बेरोजगार बस्नु नपर्ने।
आफ्नै खुट्टामा उभिई हर्ष उल्लाससँग बाच्न पाईने॥
पुर्व मेचि पश्चिम महाकालीसम्मका हिमाल तराई सबैलाई।
प्रयत्नशिल छ युसेप नेपाल आत्मनिर्भर बनाउन नेपालीलाई॥

**– हरि प्रसाद काफ्ले**
**पूर्व प्रशिक्षार्थी, हाउसवायरिङ्ग**

# प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम नीति, २०६९

## १. पृष्ठभूमि

नेपालको व्यावसायिक शिक्षाको इतिहास धेरै लामो छ । लिच्छवि काल देखि नै अनौपचारिक रुपमा सिकेका सीपहरुलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरुको उत्पादन र व्यवसाय गरेको पाइन्छ । त्यसै गरी मल्ल कालमा आएर सीपमूलक कार्यहरुले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ । शाहकालीन तथा राणाकालीन समयमा पनि कालीगढी व्यवसायले व्यापकता पाएको र बेलायतबाट कालीगढहरु झिकाई नेपालीहरुलाई डकर्मी, सिकर्मी जस्ता तालीमहरु दिइएको थियो । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालीम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो । त्यसै गरी वि.सं. २०१९ सालमा बालाजुमा स्थापित मेकानिकल प्रशिक्षण केन्द्र र बुटवल टेक्निकल इन्स्टिच्युटबाट व्यावसायिक तालीम व्यवस्थित रुपमा दिन सुरु भयो । त्यसै गरी सन् १९६० को दशकमा वहुउद्देश्यीय विद्यालयहरु स्थापना गरी विद्यालयहरुमा व्यावसायिक शिक्षाको सुरुवात गरियो, जुन धेरै प्रभावकारी हुन सकेन । तत् पश्चात् नयाँ शिक्षा प्रणाली वि.सं. २०२८ मा सुरु भई प्रत्येक माध्यामिक विद्यालयमा कम्तीमा एक विषयमा व्यावसायिक शिक्षा पढाउनु पर्ने व्यवस्था गरियो । जुन धेरै समय लागू हुन सकेन ।

सोही क्रममा वि.सं. २०३७ सालमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रभावकारी रुपमा विकास गर्ने उद्देश्यले आधुनिक प्राविधिक शिक्षालयको सुरुवात भयो । सरकारी स्तरबाट प्राविधिक शिक्षालय संचालन भएको एक दशक पछि अर्थात २०४५ सालमा यसलाई गरिब जनताको पहुँचमा प्रभावकारी रुपमा पुऱ्याउने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को गठन भयो । परिषद्ले कार्य अघि बढाउदै जाँदा वि.सं. २०५० देखि निजी स्तरमा पनि प्राविधिक शिक्षालय संचालन स्वीकृति दिने कार्यको थालनी भयो ।

## २. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको वर्तमान अवस्था

नेपालले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीको क्षेत्रमा राम्रो विकास गरेको पाईन्छ । हाल सरकारी स्तरमा १२ र निजी स्तरमा २१६ वटा प्राविधिक एस.एल.सी. कार्यक्रम संचालित छन् । त्यस्तै ४५ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम संचालित छ, जुन यस वर्ष ७५ वटै जिल्लामा पुऱ्याउने कार्यक्रम रहेको छ । सोही अनुरुप सरकारी स्तरमा १६ र निजी स्तरमा १६२ वटा डिप्लोमा तहको प्राविधिक शिक्षा कार्यक्रम संचालित छ । त्यसै गरी प्राविधिक शिक्षा तथा व्यावसायिक ताली परिषद्मा आवद्ध भई ५५ वटा संस्थाहरुले व्यावसायिक तालीम चलाई रहेका छन् । व्यावसायिक सीप विकास तालीम निर्देशनालय अन्तर्गत १२ केन्द्र घरेलु तथा साना उद्योग विभागले २७ जिल्लामा र घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गत ४८ जिल्लाले व्यावसायिक तालीम संचालन गरिरहेका छन् । आफ्नै हिसाबले व्यावसायिक तालीम संचालन गर्ने संस्थाको संख्या करिव ४०० छन् । त्यसै गरी विभिन्न निकायबाट वार्षिक करिब २५,००० जनाले प्राविधिक शिक्षा र ४०,००० जनाले व्यावसायिक तालीम प्राप्त गरिरहेका छन् ।

## ३. युवा र रोजगारीको अवस्था

नेपालमा प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरु र रोजगारीको उपलब्धता बीच तादात्म्य हुन सकेको देखिदैन । कुल जनसंख्याको ३३ प्रतिशत हिस्सा युवाहरुले ओगटेको छन् भने त्यसमा महिला र पुरुषको अनुपात करिब बराबर नै छ । नेपाल जीवनस्तर सर्वेक्षण, २०१० का अनुसार पन्ध्र वर्ष भन्दा माथिको जनसंख्याको साक्षरता दर करिब ५७ प्रतिशत छ । सोही प्रतिवेदन अनुसार विगत दशकमा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्यामा करिब १६ प्रतिशतले कमी आई करिब २५ प्रतिशतमा झरेको छ । यस उपलब्धिमा विप्रेषणको उल्लेख्य योगदान रहेको तथ्य विभिन्न अध्ययनहरुले औंल्याएको छन् र नेपालको ५५.८ प्रतिशत घरधुरीले विप्रेषण प्रँप्त गरिरहेको तथ्यले समेत यसको पुष्टि गर्दछ । वैदेशिक रोजगारीमा जाने युवामा २ प्रतिशत मात्र दक्ष एवं अर्ध दक्ष कामदारको रुपमा जाने गरेको अवस्थाले पनि सीप विकासको आवश्यकतालाई स्पष्ट संकेत गर्दछ ।

## ४. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमका मुद्दाहरू

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमले संख्यात्मक प्रगति गरे पनि गुणात्मक सुधारका लागि अझै धेरै काम गर्न बाँकी छ । विद्यमान प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम प्रदायक संस्थाहरुमध्ये ठूलो संख्यामा निजी क्षेत्रबाट संचालन भई न्यून संख्यामा मात्र सरकारद्वारा संचालित छन् । साथै अधिकाशं त्यस्ता संस्थाहरु सहर केन्द्रित रहेकाले धेरै कम संख्यामा मात्र गरिब तथा पिछडिएका वर्गका प्रशिक्षार्थीहरुको पहुँच त्यस्ता संस्थामा पुग्न सकेको छ । त्यसै गरी तालीम कार्यक्रमहरु बजारको माग अनुरुप संचालन हुन नसकेको ले एकातिर उत्पादित जनशक्तिले काम पाउन कठिनाई भएको छ भने अर्को तर्फ व्यवसायीहरुबाट दक्ष जनशक्ति प्राप्त नभएको गुनासो आउनुका साथै वैदेशिक श्रम बजारमा समेत नेपाली युवाहरु प्रतिस्पर्धी बन्न कठिनाई भइरहेको छ । त्यसै सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले निम्नानुसारको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सीप विकास सम्बन्धि नीति, २०६४ जारी गरेको थियो ।



म युसेप नेपालमा तालीम लिनु भन्दा अगाडी नै सानो तिनो ईलेक्ट्रिक सम्बन्धि कामहरु गर्थे । ईलेक्ट्रिक काममा रुची भएकैले थप सीपका लागि *i*LEAD अन्तर्गतको ४ महिने विल्डिङ्ग ईलेक्ट्रिकल तालीम एघारौं व्याचमा सहभागि हुने मौका पनि मिल्यो । मैले पहिले नै केही काम गरिसकेको र रुचिकै विषय भएकोले



तालीममा हरेक साना साना कुराहरु सरहरु संग सोध्ने गर्थे । वहाँहरु म संग साथी जस्तै व्यवहार गरेर सिकाउनु हुँन्थ्यो । त्यही भएर मैले चार महिनामा धेरै नै कुरा सिक्ने मौका पनि पाएँ । अझ भन्नु पर्दा युसेप नेपालले प्रदान गर्ने तालीम सीपका लागि मात्र नभई तालीममा समावेश जीवन उपयोगी सीप कक्षाहरु पनि अत्यन्तै उपयोगी र महत्वपूर्ण पक्ष थियो । तालीमले पक्कै सीप हासिल भयो नै तर जीवन उपयोगी कक्षाहरुमा समावेश विषयवस्तुहरु र छलफल कार्यक्रमहरुले मलाई रोजगार पाउन र समस्याहरुलाई व्यवस्थापन गर्न सक्ने बनायो र जसले गर्दा म आज नेपालकै प्रतिष्ठित कम्पनी महाविर श्री ईन्टरनेशनल प्रा.लि. मा ईलेक्ट्रिसियन सुपरभाईजरको पदमा कार्यरत छु । आफ्नो कार्यप्रति पूर्ण विश्वस्त पनि छु ।

**– राजकुमार श्रेष्ठ**
**पूर्व प्रशिक्षार्थी, ईलेक्ट्रिकल ट्रेड**
*i*LEAD 11th Batch

तालीममा छनौट भएर नामावलीमा आफ्नो नाम पनि पाउँदा, म निकै खुसी भएको थिए । अब भने बल्ल मेरो सपना पूरा हुनेछ भन्ने सोचे । र मैले तालीममा निकै मेहेनत गरेर तालीम पुरा गरें । तालीम पछी म गाउँमै यसै पेशामा काम गर्ने अंकलसंग पछि लागेर काम गर्ने सोच बनाई रहेको थिएँ । तालीमको समयमा हामीले विभिन्न विषयका जीवनोपयोगी सीपका बारेमा कक्षाहरु हुन्थे । जसमा तालीम पछिका अवसरहरुको कुराहरु हुन्थे । तब मलाई तालीमबाट प्राप्त सीपले फिल्डमा काम गर्ने मात्र नभई अन्य विभिन्न अवसरहरु पनि पाउन सक्ने कुरामा विश्वास दिलायो । मैले काम संग संगै प्रशिक्षक भएर काम गर्ने पनि सोच बनाए । फलस्वरुप काम गर्दै जाने क्रममा आफ्नै गाउँमा प्रशिक्षक बन्न अवसर पनि प्राप्त गरे । Employment Fund को सहयोगमा प्राप्त तालीमले मेरो पहिचान नै बनाई दियो । अहिले म प्लम्बर मात्र नभई प्रशिक्षक प्लम्बर भई काम गर्ने अवसर पाएको मा म धेरै खुसी छु ।

**– सुवास तामाङ्ग**
**पूर्व प्रशिक्षार्थी, प्लम्बिङ्ग तालीम, समृद्धिको बाटो कार्यक्रम**
**रोजगार कोष परियोजना**



मैले तालीममा सहभागी हुने मौका कुनै प्लान नभई बाध्यात्मक अवस्थामा भएको थियो । तालीम लिदैं गरेको श्रीमानको दुर्घटनामा निधन भए पश्चात घरको सबै जिम्मेवारी आफ्नो काँधमा आइपऱ्यो । युसेपले मेरो लागि तालीमको व्यवस्था गरिदिने



भयो । सानी छोरीलाई च्यापेर तालीमको लागि युसेप आए । तालीमको बारेमा खासै थाहा नभए पछि तालीम पश्चात रोजगारको अवसर हुने र पैसा कमाउने तालीम रोज्नु पर्ने बाध्यता थियो । त्यसै कारण अटोमोबाईल मेकानिक तालीम लिई ड्राइभर बन्ने सोचले तालीममा सहभागि भए तर तालीममा मन भुलाउन धेरै नै गाऱ्हो भयो । बेला बेलामा लाईफ स्किलको कक्षाहरु हुने गर्थ्यो । त्यतिबेला भित्रै बाट केही गर्न सक्छु कि भन्ने लाग्थ्यो, जबरजस्ती तालीममा मन भुलाउने कोशिस गर्थे । यसरी नै तालीमको अन्तिम अवस्था सम्म आई पर्दा भने रोजगार गर्नु नै पर्छ भन्ने सोच मनमा आई सकेको थियो । मेरो लागि जीवन उपयोगी सीप नै महत्वपूर्ण पक्ष रहयो जसका कारण मैले तालीम पूरा गर्नु पर्छ र काम गर्नु पर्छ, कमाउन पर्छ भन्ने सिकियो । हाल म जेनिथ अटो केयरमा कार्यरत छु । म काम प्रति सन्तुष्ट छु ।

**– सीता तामाङ्ग**
**पूर्व प्रशिक्षार्थी, लाईट भेइकल मेकानिकल तालीम**

सानै देखि मेकानिकल काममा लगाव थियो । कहिले ढलौटको मुर्ति बनाउन, कहिले फोटो फ्रेम, कहिले गाडी वर्कसपमा काम गर्न पुग्थें । काम गर्दै गयो विस्तारै काम गर्न ईच्छा घटयो, फेरी अर्को काम शुरु गऱ्यो फेरी छोड्यो । त्यस्तै चल्दै थियो जीन्दगी । परिवारको जेठो छोराको यस्तै अस्थिर काम देखेर, एक दिन बुवाले मलाई कुनै एउटा काम गर, त्यसैमा आफ्नो भविष्य बनाउनु भनेर सम्झाउनु भयो । यो कुरा मनमा चस्स बिझ्यो । त्यतिबेला मेरो प्लस टुको पढाई चलिरहेको थियो । अवसर खोज्दै जादाँ युसेपको तालीमको बारेमा थाहा पाए । आफुले जम्मा गरेको केही पैसाले स शुल्क तालीममा भर्ना भए । रुचिको विषय भएकोले तालीम राम्रो भयो । तालीम पछि यामाहाको कम्पनीमा काम गर्न थालें । काम संगै संगै मैले पढाईलाई पनि निरन्तरता दिन पाएँ । झण्डै ५ वर्ष काम गरिसकेपछि युसेप नेपालमा रोजगार कोषको सहयोगमा रोजगारीका लागि उद्यमशीलता कार्यक्रम अर्न्तगत दोस्रो तहका लागि तालीम खुलेको थाहा पाएँ । तीन महिनाको तालीम र तालीमकै अवधिमा विभिन्न जीवनोपयोगी कक्षाहरु लगायत Financial Literacy Class / Business Clinic हरु जस्ता अत्यन्त उपयोगी कक्षाहरुमा सहभागि हुने मौका मिल्यो । यी कक्षाहरुमा व्यवसाय कसरी चलाउने हिसाव कसरी राख्ने पुँजी कति लगानी गर्ने आदि कुराहरुको जानकारी प्राप्त गरें । तालीम पछि पेप्सीकोलामा साथी संगै मिलेर मोटरसाइकल वर्कसप शुरु गरें । शुरुवाती दिनमा अलि गाऱ्हो भए पनि दुबैको मेहेनतले वर्कसप राम्रै चल्न थाल्यो । अहिले हामी दुबै मिलेर बजाजको आधिकारीक वर्कसप पनि संचालन गर्दैछौ । अब हामीले यसै पेशामा निरन्तरता दिन्छौ ।



**– श्याम श्रेष्ठ**
**पूर्व प्रशिक्षार्थी, मोटर साईकल मेकानिक तालीम**
**संचालक, एस एस बाइक सर्भिस सेन्टर, पेप्सीकोला**

फुलबारी-४, कैलाली स्थित एक कमैया परिवारमा जन्म लिई आज वेल्डिङ्ग जस्तो व्यवसाय (जुन पुरुषहरुका लागि मात्र हो भन्ने धारणा बोकेको हाम्रो जस्तो नेपाली समाजमा) मा काम गरिरहँदा वास्तवमा आफ्नो जीवन सानो हुँदा आमा हजुरआमाहरुले सुनाउने काल्पनिक कथाको पात्र जस्तो आभाष हुन्छ । कमैयाको जीवन जो अभाव र पीडा विना अपूर्ण हुन्छ भन्ने कटु यथार्थको साक्षी म आजको नयाँ परिवेशमा आफूलाई पाउँदा युसेप नेपाल र यसले प्रदान गर्ने तालीमको अलवा जीवनउपयोगी शिक्षाका विभिन्न विषय नै आधार हुन् । वास्तवमा म सिलाई कटाई तालीमको उद्देश्य बोकेर युसेप नेपालको सानोठिमी स्थित कार्यालयमा २०७१ माघ महिनामा आएको हुँ । जीवनउपयोगी शिक्षाको कक्षामा बस्दा महिलाको लागि भनेर कुनै विशेष तालीम माथि बाटै नतोकिएको र आँट गरे जुनसुकै तालीम गर्न सकिन्छ भन्ने आत्मविश्वास बढ्यो । वेल्डिङ्ग तालीम सिकेर आफ्नो जस्तो पिछडिएको समुदायमा उदारणीय बन्छु भन्ने संकल्पका साथ ६ महिने तालीम र तत् पश्चात Placement and Counseling Unit ले पठाएको OJT स्थलमा नै आज सम्म काम गरिरहेको छु । यो अवस्थाको लागि विशेषत संस्थाले प्रदान गरेको जीवनउपयोगी शिक्षालाई नै स्मरण गर्न चाहान्छु ।



**– सुनिता चौधरी**
**पूर्व प्रशिक्षार्थी, वेल्डिङ्ग तालीम**
**FCA परियोजना**



मेरो घर काँडाघारी काठमाण्डौ हो । बुवा आमा कृषि पेशामा संलग्न हुनु हुन्छ । एस.एल.सी दिएर घरमै बस्दै थिए । परिक्षा सोचे जस्तो सन्तोषजनक भएको थिएन् । मलाई कता कता एस.एल.सीको पढाई बिग्रने डर मनमा थियो । रिजल्ट नआउदै केही गर्ने मन मनै सोचि सकेको थिए । त्यसै ताका मेरो घर बन्दै थियो । धारा बनाउन बाहिरबाट प्लम्बर बोलाएका थियौं । झण्डै सात हजार पैसा लागेछ । प्लम्बरले पैसा लगेको देख्दा मलाई पनि कता कता उहाँजस्तै पैसा कमाउन पाए हुन्थ्यो भन्ने मनमा लाग्यो । त्यतिबेला देखि नै प्लम्बिङ्ग सिक्ने सोच आयो । युसेप तालीम दिने सस्था हो भन्ने स्कुल पढ्दा देखि नै थाहा थियो । तालीम लिने सोचले युसेप आईपुगें । EVENT अन्तर्गत निशुल्क प्लम्बिङ्ग तालीम हुँदै रहेछ । सोही दिन फर्म भरें । अन्तरवार्ता दिए नाम निकाल्न सफल भए । तालीमको लागि नाम निक्लेको देख्दा सारै खुसी भए । तालीम सोचे जस्तै भयो । कामको व्यवस्था पनि स्कुलबाटै मिलाईदिनु भयो । युसेपमा सीप त पाएँ नै, विभिन्न विषयहरुमा जीवनोपयोगी सीपको बारेमा पनि थाहा पाएँ। मैले तालीम संग संगै काम खोज्न पनि सिकें । विभिन्न ठाउँहरुमा कामको अवसर पनि पाएँ । अहिले म र एकजना आफु संगै सिकेको साथी संगै मिलेर सानो तिनो ठेक्का लिन थालेको छ ।

**– अनुज खड्का**
**पूर्व प्रशिक्षार्थी, प्लम्बिङ्ग, EVENT Project**

# "एक सडक बालकको परिवर्तित जीवन"

२ वर्ष अगाडि (२०७१ श्रावण): "भाइ तिम्रो नाम के हो?" कालिमाटी चित्तधर हृदयको सालिक अगाडिको पाइपको बारमा १ हातमा आफू भन्दा ठूलो प्लाष्टिकको बोरा र अर्को हातमा सिताराम दुधको पाकेटमा डेन्ड्राइड हालिएको सानो पाकेट बोकेर सुँघिरहेको अन्दाजी १३ वर्ष जतिको देखिने मंगोलियन समुदायको जस्तो लाग्ने पातलो केटोलाई बडो चिने जसरी ठाडो प्रश्न गरेँ । उसले पनि बडो मज्जाको उत्तर दियो । "किन चाहियो तपाईलाई ?" यसो सम्झिए, हो पनि , मलाई उनको नाम सोध्ने काम पनि थिएन तर पनि पहिला उनीहरुसँगै काम गर्ने संस्थामा काम गरेकोले होला उनीहरुसँग बोल्न असहज लाग्दैन ।

त्यहाँ चाहिं मलाई अलिअलि अफठ्यारो लाग्यो किनकी उसको त्यस जवाफले म सँगै रहेको साथी मज्जाले हाँस्यो । म एक्लै भएको भए त अफठ्यारो लाग्दैनथ्यो पक्कै पनि किनकि म सडकमा बस्ने र काम गर्ने बालबालिकाहरु सँगै लामो समय सम्म काम गरेर आएको हुँ । मैले सामाजिक संस्थाहमा काम गर्न थालेको पनि उनीहरु बाटै हो । तसर्थ उनीहरुसँग कस्तो अवस्थामा कसरी कुराकानी गर्नुपर्छ भन्ने जानकारी नभएको पनि पक्कै होईन तर त्यति बेला खै कस्तो मुड आयो र प्रत्येक्ष प्रश्न गरेछु र ठाडो उत्तर पाएँ ।

अलिअलि हच्किए म र अति नै मायालु लवजमा भने "चिनेको भाई जस्तो लागेर सोधेको थिए सरी है ।" उसले अब अलि नरम भावमा अंग्रेजमा भन्यो "नो मेन्सन" अब चाहि परिस्थिति एकैछिन अगाडिको भन्दा राम्रो भइरहेको थियो । मैले कुरा गर्ने निधो नै गरें र पुन: सोधे "मलाई तिम्रो नाम भन्न मिल्दैन हो भाइ ?" उसले जवाफ दियो - "माइकल" । "ए माइकल पो, भाइको त अंग्रेजी नाम पो रहेछ ।" उ हाँस्यो, हाँस्दा धेरै दिन देखि नमाझेका उसका पहेँला दाँतमा साग अड्किएको प्रष्टै देखिन्थ्यो । उसको अगाडिको एउटा दाँत झरेको थियो । "अनि माइकल भाईको घर चाहि कता पर्‍यो नि ?" मैले पुन: फेरो समाउने कोसिस गर्दै बात मार्ने सुर कसे । उसले आफ्नो घर डोल्पा जिल्ला भएको बतायो । म अचम्ममा परे किनकि डोल्पा भनेको नजिकैको ठाउँ हैन । मैले त्यत्रो समय काम गर्दा पनि त्यति धेरै टाढाँको बालबालिका कमै भेटेको थिए । "डोल्पा भनेको त साह्रै टाढाँ छ हैन माइकल भाइ ?" उसले स्वीकार्‍यो । "हो धेरै टाढाँ छ, हामी गाउँलेहरु चाहि काठमाण्डौं आइपुग्न ७/८ दिन जति लाग्छ तर मेरो गाउँबाट हयाँ आउन कुइरेहरुलाई १० दिन भन्दा धेरै लाग्छ ।" "आम्मामा त्यत्रो दिन लाग्छ है," मैले नजिकै हुनलाई लामै लेग्रो तानेर मन जित्न खोजे । उसले "त्यति त नर्मल नै हो" भनेर बुझायो । अनि मैले त्यो डोल्पाबाट काठमाण्डौंसम्म कसरी आइपुगेको भनेर घुमाउरो प्रश्न तेर्साए ।

उसले "आज मसँग ट्याम छैन कुरा गर्न" भन्यो । मैले जसरी भए पनि सडक बालबालिकासँग सम्बन्धित लेख लेख्ने चाहाना राखे र उसलाई लेखको मुख्य पात्र बनाउन उपयुक्त ठाने र उससँग नजिकै हुन प्रयत्न स्वरुप "माइकल भाईको आज फुर्सद छैन जस्तो छ । त्यसैले मलाई भोलि भेट्न सक्छौ त ? यही ठाउँमा" भनेर प्रस्ताव राखे । उसले अलिकति अन्कनाएर भन्यो "हेरौं भ्याए भने भेटौला" भन्ने जवाफ दियो र मैले यदि मिल्ने अवस्था रह्यो भने १ बजे आउँछु यही ठाउँमा भनेर सुझाए । उ पनि आफ्नै नित्यकर्ममा तल्लिन भयो । एक हातले डेन्ड्राइड तान्दै अर्को हालमा काँधमा ठूलो धोक्रो भिरेर प्लाष्टिक टिप्न लाग्यो । मैले उ पर पुगुञ्जेल हेरिरहे । उ अलि पर पुगेर कालिमाटीको तरकारी बजारको गेटमा डोकोमा बेच्न राखेको १ सुन्तला निकालेर भाग्न खोज्छ । तर साहुजीले समातेर लातले हिर्काउछ र आमा बाबुको नाम जोडेर अपाच्य शब्द प्रयोग गरी तथानाम गाली गर्छ र अन्त्यमा बोहोनी समेत नभएको बेलामा "खातेले झुर गरायो" भनेर मुर्मुरिन्छ ।



मलाई त्यो उसको गालीको शब्दले बडो नमज्जा लाग्छ र "सुन्तलाको पैसा म दिन्छु, उसलाई छोड्दिनुस् साहुजी" भन्छु । उसले माइकललाई छोड्दिन्छ । मैले त्यस साहुबाट १ के.जी. सुन्तला किनेर त्यसमा १ वटा घटी नै दिन बताउँछु र किनेको सुन्तला मध्ये ३ वटा उसलाई दिन्छु र उ मसँग चाहि अब खुसी देखिन्थ्यो भने साहुलाई चाहि उसको पनि आमाको नाम जोडेर अश्लील गाली गर्दै भाग्छ । मलाई हाँस उठ्छ । म ३ वटा सुन्तला आफूले झोलामा हालेर उसलाई पुन: भोलि भेट्ने कुरा स्मरण गराउँदै आफ्नो बाटो लाग्छु ।

वरपरका मान्छे र अन्य व्यापारीहरु पनि "यिनीहरुको जातै यस्तै हो ।" भनेर कुरा काट्छन् । रुममा पुग्छु र उसको कथासँग सम्बन्धित रहेर कसरी राम्रो आर्टिकल लेख्ने भनेर गम्छु तर मेलोमेसो नै आउदैन । धेरै नै समयसम्म सोचेँ । अहँ, सुरु गर्ने तरिका नै पुगेन र छोड्दिए । कापी र कलम त्यतिकै छोडेर भोलि भेटेर केही दिमाग लाउनु पर्ला भनेर खाना बनाउन पट्टी लागे । ठिक १ बजे भोलिपल्ट त्यसै ठाउँमा पुगे । उसको आगमनको प्रतिक्षाको घडी हेर्दै । सायद कोही प्रेमिका लाई भेट्न पनि त्यति धेरै आत्तिन्न होला, जति म उसलाई भेट्न आँतुर थिए । कारण थियो ४ बजेको अन्तिम माईक्रोबसमा पोखरा नपुगि हुन्नथ्यो किनकी भोलिबाट काममा जानु पर्थ्यो । लगभग पौने घण्टाको अविरल प्रतिक्षा पछि उसको आगमन भयो र नजिक आएर भन्यो " ओ ब्रो हल्का ढिला भयो आउन, सरी है" भन्दै अलि ब्यागी लवजमा भन्यो ।

मैले नरिसाइ स्वीकृति जनाए र बरु ढिला आउनको कारण जान्न चाहे । उसले एकजना साथीलाई ज्वरो आएको र उपचार तथा रेखदेखको लागि १ संस्थामा पुर्‍याएर आएको बतायो । म बडो भावुक भए र सोचे "अनि उसलाई कहिले देखि ज्वरो आएको रहेछ माइकल ?" उसले भन्यो हिजो माल खोज्न पाइएन पानी परेको परेइ गरेर खाना खान अनि झ्याप हान्न पनि चान्स् मिलेन । त्यही भएर भोकै बसेको र पानीमा हल्का भिजेकोले बिरामी भएको सप्रसङ्ग व्याख्या गर्‍यो । मलाई अलि-अलि नमज्जा लाग्यो र प्रसङ्गलाई अर्कैतिर मोड्न खोज्दै अनि माइकल भाईले खाना खायौ त भनेर सोध्रे । उसले संस्थामा गएर मासु भात खाएको बतायो । अनि मैले हिजो कै अधुरो इपिसोडलाई निरन्तरता दिन पटि लागे । उसको डोल्पादेखि काठमाण्डौंसम्मको यात्रा सुनाउन आग्रह गरे । उसले १ पाकेट खुकुरी चुरोट किनीदिन आग्रह गर्‍यो तर मैले त्यति नै पैसाको बरु म:म खुवाउने शर्तमा कुराकानी अगाडि बढाए ।

उसले आफ्नो विगत सुरु गर्दै गयो । मैले टाउको हल्लाउदै गए । उसको बडो मार्मिक व्यथा रहेछ जीवनको ।

डोल्पा जिल्लाको विकट गा.वि.स. मा रहेछ उसको घर । जहाँबाट मानिसहरु शे-फोक्सुण्डो ताल र राष्ट्रिय निकुञ्ज हेर्न तथा घुमफिर गर्न जाँदा रहेछन् । सदरुकाम दुनै बाट लगभग ३ दिन जति लाग्ने रहेछ उसको गाउँ पुग्नलाई । उसको वास्तविक नाम माइला रहेछ । सोही माइला नै पछि शहर छिरेपछि अपभ्रंस हुँदै माइकल भएको रे । उही माइला ११ वर्ष उमेरसम्म गाउँमै चौरी चराउने काम गर्थ्यो रे । जब उसको बाबुको भिरबाट लडेर मृत्यु भयो त्यसको लगभग ७ महिना पछि उसको आमा पनि पोइला गइछिन् । माइलाको १ जना बहिनी रहिछिन् । हाल उनी १२ वर्षकी भइन् रे । माइकल चाहि १४ वर्षमा हिड्दै रहेछन् अहिले । आमा पोइला गएपछि ११ वर्षिय माइलाले साहुको चौरी चराएर बहिनीलाई हुर्काइ रहेको थियो रे त्यति बेला उसकी बहिनी गौरी ९ वर्षकी मात्र थिइन् रे । लगभग ५ महिना जति चौरी चराएछन् उनले । एकदिन भोट माग्न आएका नेताले उनी र गौरीलाई काठमाण्डौं लगेर धेरै पढाइदिने भनेर चामल पुऱ्याउन गएको खाद्य संस्थानको हेलीकप्टरमा हालेर सुर्खेत हुँदै काठमाण्डौं ल्याएछन् । त्यो नेताको १ जना कुइरेसँग चिनाजान थियो रे त्यही भएर उसको संस्थामा राख्न ल्याएको रहेछ तर उनीहरु काठमाण्डौं आउँदा त्यो कुइरे (विदेशी) फर्किईसकेको हुनाले ती दाजु बहिनीलाई नेताले त्यही छोडेर एकछिनमा आउँछु है भनेर हिडेको आज ३ वर्ष भइसक्यो भेटेको छैन रे ।

डोल्पाको त्यो अनकन्टार बनमा बसेको माइला र गौरीलाई काठमाण्डौंको भिडभाडले वाकवाकी लाग्न थालेछ । त्यो नेता नआएपछि उनीहरु आत्तिदै रुदै बसेछन् गोंगबुको बसपार्कमा । उनीहरु रोएको देखेर १ जना होटलवाला आएर भाडा माझ्ने काम गर्छस् भनेर सोधेछन् । माइला र गौरीले सहमत जनाएर हुन्छ भन्दै भाडा माझ्ने काम सुरु गरेछन् । काठमाण्डौंको भाषा राम्ररी बोल्न नजान्ने तर बुझ्न चाहि बुझ्ने र उनीहरुले । चामलको खाना, दाल, तरकारी, अचार हालेको खाएकै थिएनन् रे उनीहरुले डोल्पामा हुँदा । केही समय त उनीहरुलाई रुच्दै रुचेन रे भात । २ महिना जति बितेपछि १ जना मोटी-मोटी देखिने महिला आएर गौरीलाई आफ्नो घरमा काम पनि गर्ने, पढाउने पनि भनेर लिएर गए रे तर ति मोटी महिला को हुन् न उनलाई थाह थियो रे न त गौरीलाई । त्यस होटलमा लगभग ९ महिना काम गरेपछि उसले साहुजीसँग लुगा किन्न २०० रुपैया माग्दा दिएनछन् र उसलाई काम गर्न मन पनि हराउँदै गयो रे । एकदिन चियाको कप फुट्दा साहुको छोरोले पिटेको हुँदा उसले काम छोडेर सडक जीवन अंगाल्न पुगेको रहेछ । सडकमा लगभग २ वर्ष जति भयो रे उ बस्न थालेको । ६ महिना जति अगाडि गौरीको बारेमा बुझ्न त्यही पुरानो साहुसँग जाँदा उसले त होटल बेचिसकेको र अर्कैले किनेको पो रहेछ ।

म साह्रै भावुक भए उसको व्यथा सुन्दा । उसका पनि कथा कहदै जाँदा गला अवरुद्ध थिए, आँखा टिलपिलाई रहेको थियो । मैले म:म खान उसलाई होटलमा लगे । होटलवालले तपाई भित्र टेवुलमा बस्नुस् यो खाते यही उभिएर खान्छ भन्यो । माइला जोडले कराउँदै भाग्छ । "साला खान्न तेरो म:म, हो म खाते हुँ ।" म अवाक् भए र म:म पसलको साहुसँग झोक्किए र उनलाई त्यस्तो भन्ने अधिकार कसले दियो भनेर अलि कड्किए । त्यतिञ्जेल उ विष्णुमती पुल नजिकै पुगिसकेको थियो । म किंकर्तव्यव्यूमुढ भए किनकि उसलाई कबोल गरेको म:म खुवाउन सकिन मनमा खिन्नता लिएर कोठामा गए । अनी उसकै बारेमा समालोचनात्मक समीक्षा मनमनै गर्न थाले । कोही पनि बालबालिका सडकसम्म के-के कारणले आउने रहेछन् त, सडकमा आइपुग्न उनीहरुलाई कस्ता-कस्ता तत्वहरुले प्रभाव पार्ने रहेछन् त, सडकमा उनीहरुले किन लागुपदार्थ सेवन गर्ने रहेछन् त, सडकमा बस्दा किन ढाट्ने चोर्ने तथा पाकेट मार्ने काम गर्ने रहेछन् त बिरामी साथीलाई औषधोपचारको लागि संस्थामा पुऱ्याएर आएको र ढिला भएकोमा क्षमा समेत मागेकोले उनीहरुका संवेदनशिलता कतिसम्म रहेछ भन्ने पंष्ट्याउँछ । विना सित्तिमा त मान्छेहरु बेफुर्सद भएको बताउँछन् भने उ त आफ्नो ड्युटी हिडेको बेला "ट्याम छैन" भन्नु कति राम्रो लजिक भाव थियो, आफ्नो मान्छेको खोजिमा हिड्नु र नपाउँदा रिस उठ्नु मानवीय स्वभाव नै हो । समुदायको बोलीचाली र व्यवहारले गर्दा उनीहरु विस्तारै यस समाजबाट टाढा हुँदै जानु स्वभाविक नै हो, यी सब घटनामा कोही बालबालिका सडकमा आइपुग्नु भनेको के उनीहरु रहरले मात्र आएका हुन् त ? डोल्पाको खर्कमा चौरी चराउदै हिड्ने माइला काठमाण्डौंको फोहोरको थुप्रो माथि उभिएर पुराना प्लाष्टिक खोज्दै हिड्नु र नेपाली समेत बोल्न नजान्ने सडक जीवनमा आई माइकल हुनु के त्यसमा उसको दोष थियो त ??? सडकमा बालबालिका बढाउनुमा हाम्रो समाजको जिम्मेवारी छैन होला त ? यदि समाज पनि जिम्मेवारी छ भने त्यसलाई व्यवस्थापन तथा न्यूनीकरणमा समाजको चाहि दायित्व के त ? यी र यस्ता प्रश्नहरु मात्रै मनमा खेलिरहेको थियो ।

आज भन्दा ६ महिना अघि अर्थात २०७२ को माघ १६ गते शहिद दिवसको दिन कार्यालयको कामको सिलसिलामा चितवन जाने काम थियो । बसमा जान ढिला होला भनेर मोटरसाईकलमा जाने निधो गरी हिडे । धादिङको मलेखु पुगेपछि मोटरसाईकल पंचर भयो,साह्रै आपत पर्यो । मोटरसाईकल डोहोऱ्याउँदै वर्कसप सम्म पुऱ्याएँ । मोटरसाईकल बनाउन एक जना केटो हातमा रेञ्च र ह्वीलपाना बोकेर आयो म अचम्ममा परे किनकी त्यो केटो उही १.५ वर्ष अगाडी देखेको माइकल थियो । उसले टायर खोल्दै गर्दा मैले सोधेँ भाई मलाई चिन्यौ त ? उसले मुसुक्क हाँस्यो र अलिअलि सर्माउदै "हो" भन्ने संकेत सहित टाउको हाल्लायो ।

मलाई साह्रै खुसी लाग्यो किनकि हिजो सडकमा डेन्ड्राइड फुक्दै हिड्ने माइकल आज मिस्त्री भएर आफ्नो दक्षता प्रस्तुत गर्दै जागिर खाइरहेको थियो । मैले गौरीको बारेमा सोधेँ उसलाई अझै जानकारी नभएको बतायो अनि आफ्नो बारेमा भन्दै गयो उ एक संस्था मार्फत सानोठिमी भक्तपुरमा रहेको **युसेप नेपाल** बाट मोटरसाइकल मेकानिकको तालिम लिएको रहेछ । त्यहाँबाट सिप सिकेर ओ.जे.टी. जाँदा उसको मेहनत देखेर यस वर्कशपका साहुजीले जागिर दिन ल्याएका रहेछन् । हाल उनले मासिक रु.९५००/- तलब र खाना बस्ने सुविधा समेत पाएका रहेछन् । मलाई असाध्यै खुसी लाग्यो पंचर टालेको पैसा उसले लिन मानेन तर मैले बडो जोड गरेर दिएँ । उसले जाने बेलामा "सर बिस्तारै जानुहोला" भन्यो । मेरो मन ढुक्क फुल्यो र उस संग बिदा मागेर हिडेँ र यो लेख लेख्ने दिन सम्म उसले बनाएको मोटरसाइकलको टायर पुन: खोल्नु परेको छैन ।

**– तिलक घिमिरे 'निर्मल'**

# उज्जवल जीवनको बाटो तर्फ



मेरो नाम चक्र सार्की हो । मेरो उमेर २१ वर्ष भयो । मेरो जन्म झलारी-११, कंचनपुर स्थित एक हलिया परिवारमा भएको हो । हलियाहरुको तत्कालिन बाध्यात्मक नरकिय तथा दासत्व जीवनका बिच जन्मजात अपाङ्ग मेरो पढाई आठ कक्षामा पूर्ण बिराम लाग्यो । औपचारिक रुपमा मुक्त घोषित हलियाहरुको जीवनस्तरमा मुक्त हुनु पूर्व र पछाडी खासै परिवर्तन भएको थिएन । शारीरिक रुपमा अशक्त तथा औपचारिक पढाई अगाडी बढ्न नसकेको बाध्यता बीच आफूलाई कता कता हिनताबोध लाग्न थालेको थियो ।

यस्तैमा एक दिन हलिया मुक्ति समाज कंचनपुरका समाजिक कार्यकर्ता दिदीले FCA अन्तर्गत युसेप नेपाल भन्ने संस्थाबाट ब्यावसायिक तालीमको अवसरको कुरा गर्दा सुरुमा त आफुलाई के काम भन्ने लाग्यो तर आफुजस्ताका लागि उपयोगी हुने भन्ने थाहा पाए पछि अर्न्तवार्तामा सामेल भई छनौट पश्चात युसेप नेपालको सानो ठिमी स्थित कार्यालयमा हाउस वायरिङ्ग विषयमा तालीम लिन थालें । तालीमका अतिरिक्त संस्थाले प्रदान गर्ने जीवनउपयोगी शिक्षाले मलाई धेरै नै सकारात्मक परिवर्तन गरायो । जीवनउपयोगी शिक्षाको विषय वस्तुमध्ये मुख्यत: **समस्याको पहिचान तथा निराकरण, तनाव व्यवस्थापन** लगायत अन्य आत्मविश्वास बढाउने विषयले आफुलाई हाउस वायरिङ्ग विषय पढेर जीवन अगाडी बढाउन सक्छु भन्ने लाग्यो र मिहिनेत गरेर तालीम पश्चात OJT सकेर हाल आफ्नै ठाउँमा घर ठेक्कामा लिएर वायरिङ्ग गरिरहेको छु र महिनाको २० देखि २५ हजार कमाउँछु ।

मेरो विचारमा तालीमका साथसाथै जीवनउपयोगी शिक्षाको अत्यन्त आवश्यकता छ किनभने यसैको कारणले मलाई यस्तो आत्मविश्वास बढायो कि शारीरिक अपाङ्गताले आफ्नो लक्ष्यमा कुनै अवरोध गरेन र म आज आत्मनिर्भर बन्न सफल भएको छु ।

**– चक्र सार्की**
**पूर्व प्रशिक्षार्थी, FCA**

## २०७२ फाल्गुण १ गते देखि २०७३ आश्विन मसान्त सम्म तालीम लिएका प्रशिक्षार्थी संख्या

| क्र. सं. | कार्यक्रम / तालीम | संख्या | विवरण |
|---|---|---|---|
| १. | नियमीत सत्रको तालीमहरु | २१३ | तालीममा इच्छुक व्यक्तिहरु |
| २. | हिम्स नेपाल | २० | धादिङ जिल्लाका भूकम्प पिडित युवाहरु |
| ३. | नमस्ते ग्रामीण समाज | १० | धादिङ जिल्लाका भूकम्प पिडित युवाहरु |
| ४. | प्रयास नेपाल | २० | धादिङ जिल्लाका भूकम्प पिडित युवाहरु |
| ५. | एक्सन नेपाल | ७३ | धादिङ जिल्लाका भूकम्प पिडित युवाहरु |
| ६. | IPMA | ९ | सिन्धुपाल्चोक जिल्लाका भूकम्प पिडित युवाहरु |
| ७. | *i*LEAD | २४० | बेरोजगार युवाहरु |
| ८. | मुद्रण विभाग | ८ | मुद्रण विभागका कर्मचारीहरु |
| ९. | बाल विकास समाज | १६ | संस्थाबाट छनौट गरिएका युवाहरु |
| १०. | CTEVT | ४० | भूकम्प पिडित युवाहरु |
| ११. | भक्तपुर बहिरा संघ | ५ | |
| १२. | FCA | ६७ | सुदुरपश्चिमका मुक्त कमैया, कमलरी र हलिया |
| १३. | KAAA | २३ | गरिब तथा निम्न वर्ग |
| १४. | भ्वाइस अफ चिल्ड्रेन | १ | घरेलु कामदार तथा सडक बालबालिकाहरु |
| १५. | बाल वातावरण | ५ | घरेलु कामदार तथा सडक बालबालिकाहरु |
| १६. | स्कुटी ड्राइभिङ | २५ | तालीममा इच्छुक व्यक्तिहरु |
| १७. | लाईट भेहिकल ड्राइभिङ | ४४ | तालीममा इच्छुक व्यक्तिहरु |
| | **जम्मा** | **८१९** | |

# शिक्षालय गतिविधि

### समुदाय परिचालन (Community Mobilization Drive)

समुदाय परिचालन कार्यक्रम शिक्षालयले आफ्ना प्रशिक्षकहरुको सहयोगमा विभिन्न समय र स्थानहरुमा शिक्षालयमा संचालन हुने सबै तालीमका लागि गर्दै आएको छ। यसबाट शिक्षालयको लक्षित वर्गका रुपमा रहेका वेरोजगार युवा युवतीहरु लाभान्वित भएका छन् । यही क्रममा विभिन्न संघ संस्था र स्थानीय निकायहरुको सहयोगमा २०७२ फाल्गुणदेखि २०७३ असोज महिनासम्म ताथली, बोडे, लुभु, चाँगाथली, सुर्यविनायक, चागुँनारायण, ठिमी, सीपाडोल, भक्तपुर दरबार स्कवायर लगायतका स्थानहरुमा करिब १६० बेरोजगार युवाहरुको सहभागितामा ९ पटक CMD सम्पन्न भयो।

### जीवनोपयोगी सीप र परामर्श (Life skills Sessions)

प्रशिक्षार्थीहरुलाई प्राविधिक तालीमले मात्र पुग्दैन, वस्तुगत तथा विषयगत ज्ञानका साथै व्यवहारिक ज्ञान पनि अपरिहार्य छ । कार्यस्थानमा अनुशासनको पालन, समय व्यवस्थापन, काममा आत्मविश्वास, सकारात्मक सोच, ग्राहकहरुसँगको समन्वय तथा व्यक्तित्व विकास गर्नका लागि जीवनोपयोगी सीप (soft skills) को आवश्यकता पर्ने कुरालाई ध्यानमा राखी शिक्षालयले विभिन्न विषयमा आवश्यकताअनुसार जीवनोपयोगी कक्षाहरु सम्वन्धित विज्ञहरु तथा प्रशिक्षकको सहयोगमा संचालन गर्दै आएको छ । करिव ६ महिनाको अन्तरालमा ३० वटा जीवनपयोगी कक्षाहरु संचालन गरियो ।

### बेलायतका राजकुमारबाट युसेप नेपालको भ्रमण

युसेप नेपालमा समय समयमा विशिष्ट व्यक्तित्वबाट यस संस्थाले संचालन गरेका विभिन्न तालीम कार्यक्रमहरुको अवलोकन हुदैं आएको छ। यसै सन्दर्भमा मिति २०७२ साल चैत्र १० गते बुधबार बेलायती राजकुमार हेनरी चार्ल्स अल्बर्ट डेभिड "प्रिन्स ह्यारी" बाट सानो ठिमी प्राविधिक शिक्षालयद्वारा संचालित तालीम कार्यक्रमहरुको अवलोकन भ्रमण सम्पन्न भयो । भ्रमणका क्रममा राजकुमार ह्यारीले शिक्षालयमा संचालित वेल्डिङ, अटोमोबाइल, मोटरसाइकल, हाउस वायरिङ, अफसेट प्रिन्टिङ प्रेस र अपरेटर ट्रेनिङ सेन्टर सम्बन्धी तालीमहरुको अवलोकनका साथै सम्वन्धित प्रशिक्षक तथा प्रशिक्षार्थीहरुसँग पनि तालीमका बारेमा छलफल गर्नुभएको थियो। युसेप नेपालका अध्यक्ष श्री रामकृष्ण निराला, युसेप नेपालका कार्यक्रम संयोजक श्री राजिद सैंजु, Helvetas, Swiss Inter cooperation का Country Director, Dr. Bharat Pokharel, DFID का Gareth Wier र Anika Fletcher ले राजकुमार ह्यारीको स्वागत गर्नुभएको थियो । युसेप नेपालका कार्यक्रम संयोजक श्री राजिद सैंजुले तालीम कार्यक्रमहरुका साथै संस्थाको बारेमा जानकारी गराउनुभएको थियो। राजकुमार ह्यारीको भ्रमण Helvetas, Swiss Inter cooperation र DFID को संयोजनमा भएको थियो । उक्त अवसरमा UK Ambassador to Nepal HM Richard Morris को पनि उपस्थिती थियो ।



### खेलकुद सप्ताह

प्रशिक्षार्थीहरुको आत्मविश्वास बढाउने एवं विभिन्न क्रियाकलापमा संलग्न गराउने अभिप्रायले शिक्षालयले अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्ने गर्दछ । यसै क्रममा २०७३ साल भाद्र २२ देखी २८ सम्म भलिवल, चेस, टेवल टेनिस, निवन्ध लेखन र चित्रकला जस्ता खेलकुद र शैक्षिक प्रतियोगिताहरुको आयोजना गरिएको थियो। यस प्रतियोगीताका प्रतियोगीहरुलाई बाल दिवसको दिनमा युसेप नेपालका पदाधिकारीहरु एवं विशिष्ट अतिथि गणबाट पुरस्कार एवं प्रमाणपत्र वितरण गरिएको थियो ।



### गुरू पूर्णिमा

सानो ठिमी प्राविधिक शिक्षालयका विभिन्न ट्रेडहरुमा २०७३ श्रावण ०४ गते गुरु पूर्णिमाको पावन अवसरमा कार्यक्रमहरु आयोजना गरि गुरु पूर्णिमा मनाइयो । विद्यार्थीको जीवनको अन्धकारलाई हटाएर उनीहरुमा शिक्षाको ज्योती प्रदान गर्न गुरुको अत्यन्तै महत्वपूर्ण भूमिका हुने भएकोले गुरु पूर्णिमाको दिनले विद्यार्थीहरु माझ विशेष महत्व राख्दछ। गुरु पूर्णिमाको पावन अवसरमा आयोजित कार्यक्रममा संस्थाका कर्मचारी र प्रशिक्षार्थीहरुको उपस्थिति रहेको थियो ।

### अतिरिक्त क्रियाकलाप

प्रशिक्षार्थीहरुको आत्मविश्वास वढाउने एवं विभिन्न क्रियाकलापमा संलग्न गराउने अभिप्रायले शिक्षालयले Extracurricular activity को महत्व विषयगत शिक्षा कम नहुने हुँदा यस्ता खाले क्रियाकलाप यस शीर्षक अनुसार प्रत्येक महिना संचालन गरिन्छ। यस क्रममा शिक्षालयले हाजिरी जवाफ, वादविवाद, खेलकुद, निवन्ध लेखन जस्ता प्रतियोगिता एवं सरसफाई कार्यक्रमहरु गर्दै आएको छ। यस्ता कार्यक्रममा प्रशिक्षार्थीहरु निकै उत्साहित रुपले भाग लिने गर्दछन् । यस्ता कार्यक्रमहरुले प्रशिक्षार्थीको व्यक्तित्व

विकासमा सघाऊ पुऱ्याउने विश्वास शिक्षालयले लिएको छ । करिब ६ महिनाको अन्तरालमा अतिरिक्त क्रियाकलापका रुपमा हाजिरी जवाफ, टेवल टेनिस, निवन्ध प्रतियोगिता आदि क्रियाकलाप सम्पन्न भयो ।

### बाल दिवस

भाद्र २९ गते राष्ट्रिय बाल दिवसको अवसर पारेर शिक्षालयले सम्पूर्ण प्रशिक्षार्थी एवं बाल सुधार गृहका बालबालिकाहरुको सामूहिक जन्मोत्सव विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना गरि भव्यताका साथ मनाइयो । उक्त कार्यक्रममा प्रशिक्षार्थीहरुले आफ्नो संस्कृति सँग सम्वन्धित गीत, संगित, नृत्य, जनचेतनामुलक नाटक, मुक्तक र कविता प्रस्तुत गरेका थिए । औपचारिक कार्यक्रममा युसेप नेपाल पदाधिकारी एवं आमन्त्रित वक्ताहरुले बाल दिवसको महत्व, हाम्रो दायित्व र हालसम्म भएका उपलब्धीका बिषयमा प्रकाश पार्नुभएको थियो । साथै उक्त कार्यक्रममा बर्षभरि तालीम, अतिरिक्त कार्यक्रम, खेलकुद लगायतमा उत्कृष्ट नतिजा ल्याउने प्रशिक्षार्थीहरुलाई पुरस्कृत गरिएको थियो ।



### FCA परियोजना अन्तर्गतका प्रशिक्षार्थीहरूलाई TOT तालीम

FCA परियोजना अन्तर्गत छनोट भएका १५ जना प्रशिक्षार्थीहरुलाई भविष्यमा Assistant Trainer बनाउने उद्देश्यले मिति २०७३ भाद्र १० देखि १५ सम्म TITI द्वारा नियमति रुपमा संचालित TOT तालीममा समावेश गराइएको थियो । साथै उनीहरुको प्रशिक्षण विधिको मूल्याकंन तथा अभिवृद्धि गर्नका लागि सानो ठिमी प्राविधिक शिक्षालयका प्रशिक्षकहरुद्वारा तीन दिनको अभिमुखीकरण कक्षा पनि संचालन गरिएको थियो । यसका साथै प्रशिक्षार्थीहरुलाई भविष्यको योजना बनाउन मद्दत पुर्‍याउने अभिप्रायले Career Counseling सम्बन्धी कक्षाहरु पनि संचालन गरिएको थियो ।

### दशैं पूजा

शिक्षालयले हरेक वर्ष मनाउँदै आएको दशैं पूजा यस वर्ष पनि संस्थाका आजीवन तथा साधारण सदस्यज्यूहरु, कार्यकारी सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी, विभिन्न संस्थाका प्रतिनिधिहरु एवं अतिथिहरुको सहभागितामा धुमधामका साथ दुर्गा पूजा गरि मनाइयो ।

### *i*LEAD सोह्रौं समुहको तालीम सम्पन्न र सत्रौं समुह शुरू

Aide et Action को सहयोगमा संचालित नियमित चार महिने तालीमको सोन्हौं समुहको १२१ जना प्रशिक्षार्थीहरुको तालीम सम्पन्न भै प्रमाण पत्र वितरण गरियो । साथै सत्रौं समुहको तालीम २०७३ असोज १ गते देखि शुरु भयो । सत्रौ समूहमा जम्मा १२१ प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ । सन् २०१० देखि निरन्तर ६ वटा विषयमा *i*LEAD परियोजना अर्न्तगत संचालन भइरहेको छ ।

### IPMA अन्तर्गतका प्रशिक्षार्थीहरूलाई उद्यमशीलताको तालीम

IPMA परियोजनाबाट टेलरिङ ट्रेडमा तालीम लिएका ९ जना प्रशिक्षार्थीहरुलाई मिति २०७३/०६/१० देखि २०७३/०६/१२ सम्म उद्यमशीलता सम्बन्धी तालीम दिइयो । यस तालीममा प्रशिक्षार्थीहरुलाई भविष्यमा कसरी टेलरिङ तालीमबाट उद्यमी बन्न सकिन्छ भन्ने सम्बन्धी जानकारी दिइयो । तालीम पश्चात स्वरोजगारहुनका लागि आवश्यक पर्ने सीप, व्यावसाय दर्ताको प्रक्रिया, व्यवसायको स्थान र व्यावसायलाई प्रभाव पार्न सक्ने विषयहरुमा कार्यक्रममा छलफल गरिएको थियो ।

### अवलोकन भ्रमण

प्रशिक्षार्थीहरुको आत्मवल वृद्धिका लागि शिक्षालयले अपनाएको विभिन्न नीतिमध्ये अवलोकन भ्रमण पनि एक हो । शिक्षालयले समय समयमा सम्पन्न हुने तालीम सम्बन्धी विभिन्न नयाँ प्रविधिहरुको अवलोकन साथै विभिन्न प्राविधिक शिक्षालय तथा कलकारखानमा प्रशिक्षार्थिहरुलाई भ्रमण एवं सहभागी गराई नयाँ प्रविधि सम्वन्धि ज्ञान लिने अवसर प्रदान गर्दछ । यस क्रमलाई निरन्तरता दिदैं छ महिनाको अवधिमा ५ पटक शिक्षालयले NADA Auto Show २०१६, दोश्रो नेपाल Buildcon International Expo २०१६ लगायत विभिन्न कलकारखानाहरुमा भ्रमणका व्यवस्था गरिएको थियो ।




### लुब्रिकेन्ट सम्बन्धी तालीम

अटोमोवाइल र मोटर साईकल मेकानिक तालीममा सहभागी प्रशिक्षार्थीहरुलाई सवारी साधनमा प्रयोग हुने ईन्जिनको बारेमा जानकारी दिने उद्देश्यले लुब्रिकेन्ट सम्बन्धि एक दिने तालीम संचालन गरिएको थियो । उक्त तालीम ई. मनोज कुमार बच्चन र अटोमोवाईल विज्ञ श्री माधव कुमार पाण्डेज्यूले प्रदान गर्नु भएको थियो । तालीमका सहभागिहरुलाई लुब्रिकेन्टको गुणस्तर, यसले पार्ने प्रभावका बारे र वर्कसप खोल्ने प्रक्रियाको बारेमा पनि जानकारी प्रदान गरिएको थियो । कार्यक्रममा जम्मा ६० जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।